# स्नातक तहको शिक्षण अभ्यासप्रति सम्बन्धित छात्रशिक्षकहरूको दृष्टिकोण

**कृष्णप्रसाद पोखरेल**[१]

pokhrelkp70@gmail.com

**सार**

*प्रस्तुत लेख स्नातक तहको शिक्षण अभ्यास पाठ्यांश (४४०) प्रति सम्बन्धित छात्रशिक्षकहरूद्वारा व्यक्त दृष्टिकोणसँग सम्बन्धित रहेको छ । प्रस्तुत लेखमा त्रिभुवन विश्वविद्यालयद्वारा स्नातक तहको शिक्षाशास्त्र सङ्कायअन्तर्गत चौथो वर्षका लागि तयार पारिएको शिक्षण अभ्यास पाठ्यांशको सम्बन्धमा सोधिएका प्रश्नहरूप्रति छात्रशिक्षकहरूद्वारा व्यक्त दृष्टिकोण के कस्तो रहेको छ भनी अध्ययन विश्लेषण गरिएको छ । अतः स्नातक तहको शिक्षण अभ्यास पाठ्यांशप्रति छात्रशिक्षकहरूका दृष्टिकोण पत्ता लगाउनु तथा छात्रशिक्षकहरूद्वारा व्यक्त दृष्टिकोणको विश्लेषण गर्नु प्रस्तुत लेखको उद्देश्य रहेको छ । प्रस्तुत लेखमा मूलतः सर्वेक्षण विधिबाट सामग्री सङ्कलन गरिएको छ । यस अध्ययनमा आवश्यकताअनुसार पुस्तकालयीय विधि तथा मिश्रित अनुसन्धान ढाँचाको अवलम्बन गरिएको छ । लेख तयारीका लागि प्राथमिक र द्वितीय दुवै स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । निर्दिष्ट पाठ्यांश परिमार्जित र परिवर्तित पाठ्यांश हो । यसलाई प्रथम पटक २०७५/०७६ को शैक्षिक सत्रदेखि कार्यान्वयनमा ल्याइएको हो । यसरी प्रथम पटक प्रयोगमा ल्याउने सन्दर्भमा यसमा पहिलो समूह (फस्ट ब्याच) का रूपमा संलग्न भएका छात्रशिक्षक/विद्यार्थीहरूका दृष्टिकोण बुझ्न विकल्पसहितका आठ ओटा बन्द र दुई ओटा खुला गरी जम्मा दश फरक-फरक प्रकृतिका प्रश्नहरू निर्माण गरिएका छन् । उक्त प्रश्नहरूप्रति सम्बन्धित छात्रशिक्षकहरूको दृष्टिकोण व्यक्त गर्न लगाइएको छ । यस क्रममा प्राप्त*

*१ मध्यविन्दु बहुमुखी क्याम्पस, कावासोती, नवलपरासी*

*तथ्याङ्कहरूलाई प्रतिशतमा लगी सूक्ष्म रूपमा त्यसको समीक्षण गरिएको छ । यसमा रहेका सबल पक्ष र सुधारात्मक पक्षहरूलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।*

**मुख्य शब्दावली** : छात्रशिक्षक, दृष्टिकोण, शिक्षण अभ्यास पाठ्यांश, स्नातक तह आदि ।

## १. अध्ययनको पृष्ठभूमि

शिक्षण अभ्यास विशेषतः शिक्षण सम्बन्धी ज्ञान, सीप र दक्षता अभिवृद्धिका लागि गरिने अभ्यास हो । यो निश्चित समयावधिमा विद्यालय वा क्याम्पसहरूमा गरिने प्रयोगात्मक र अभ्यासात्मक शैक्षणिक क्रियाकलाप हो । यसलाई अभ्यास शिक्षण पनि भन्ने गरिन्छ । अभ्यास शिक्षणले शिक्षाशास्त्रका विषयमा अध्ययन गर्ने विद्यार्थीहरूले पूर्वनिर्धारित पाठ्यक्रमको आवश्यकता पूर्ति गर्नका लागि तोकिएको समयभरि खटाइएको सहयोगी विद्यालयमा गई गरिने प्रयोगात्मक र अभ्यासात्मक अध्ययन कार्यलाई जनाउँछ (ढकाल, २०६८ : १९) । शिक्षाशास्त्र सङ्कायमा विभिन्न तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि शिक्षण अभ्यास पाठ्यांश अनिवार्य रूपमा पूरा गर्नुपर्ने पाठ्यांश बनेको देखिन्छ । यस अर्थमा यसलाई शिक्षाशास्त्र सङ्कायको महत्त्वपूर्ण पाठ्यांश मानिन्छ, शिक्षाशास्त्र सङ्कायको आत्मा मानिन्छ । यसमा संलग्न छात्रछात्राहरूलाई शिक्षण सम्बन्धी व्यावहारिक अभ्यास गराइन्छ, शिक्षण सम्बन्धी तालिम दिइन्छ । यस क्रममा क्याम्पसका विद्यार्थीहरूले क्याम्पसको निर्देशनमा रही खटाइएको विद्यालयमा शिक्षकको रूपमा भूमिका गर्नुपर्ने हुनाले अभ्यास शिक्षणमा जाने व्यक्तिलाई छात्रशिक्षक (Student Teacher) भनिन्छ (शर्मा र शर्मा, सन् २०१८ : ०३) ।

विद्यार्थीहरू/छात्रशिक्षकहरूले सैद्धान्तिक रूपमा प्राप्त गरेको ज्ञानलाई व्यवहारमा उतार्न लगाउने तथा उनीहरूलाई शिक्षण र यससँग सम्बन्धित कार्यहरूमा संलग्न गराई शिक्षणसम्बन्धी दक्षता अभिवृद्धि गराउने सन्दर्भमा यसको उच्चतम भूमिका रहन्छ । यसैगरी शिक्षणका सन्दर्भमा योजना बनाई कार्यान्वयन गर्न, खास उद्देश्य किटान गरी शिक्षण गर्न, शैक्षिक सामग्री तथा नवीनतम शिक्षण विधि तथा प्रविधिको छनोट र प्रयोग गर्न, कक्षा व्यवस्थापन गर्न, प्रभावकारी रूपमा मूल्याङ्कन गर्न, अतिरिक्त क्रियाकलाप सञ्चालन र व्यवस्थापन गर्न, बाल मामिला अध्ययन गर्न, सिकाइ सम्बन्धी परीक्षण गर्न आदि कार्यमा यसको आवश्यकता रहन्छ । तसर्थ, शिक्षण अभ्यासले शिक्षण सिकाइसँग सम्बन्धित यावत् कुराहरू जान्न, बुझ्न तथा त्यसलाई प्रयोगमा उतार्न विशेष मद्दत पुऱ्याएको हुन्छ । विद्यालय वा क्याम्पसहरू यसको कार्यान्वयन स्थलका रूपमा रहन्छन् । विशेषतः पाठ योजना, एकाइ योजना, वार्षिक शिक्षण योजना आदिका सन्दर्भमा उद्देश्य, विषयवस्तु, शिक्षण विधि/प्रविधि र मूल्याङ्कन जस्ता कुराहरू छनोट गरी प्रभावकारी शिक्षण गर्न यसले सहयोग पुऱ्याउँदछ । के पढाउने, किन पढाउने, कति पढाउने, केकस्ता सामग्री उपयोग गरी पढाउने, पढाइको प्रभावकारिता कसरी जाँच्ने जस्ता यावत् कुराहरूको सुस्पष्ट मार्ग निर्देश यसैबाट प्राप्त गर्न सकिन्छ । यस सन्दर्भमा त्रिभुवन विश्वविद्यालयले विश्व परिवेश, समयको माग आदिलाई ख्याल गर्दै २०७२ देखि शिक्षाशास्त्रमा तीन वर्षे स्नातक कार्यक्रमलाई संशोधन, परिमार्जन तथा परिवर्तन गरी चार वर्षे बि. एड. बनाएको छ ।

पुरानो पाठ्यांशमा परिमार्जन र परिवर्तन गरी चार वर्षे कार्यक्रमका लागि समय सान्दर्भिक २२००

पूर्णाङ्क कायम गरी नयाँ पाठ्यांश संरचित गरिएको छ। अध्ययन गर्नुपर्ने विषयलाई मेजर र माइनर विषय भनी नामकरण गरिएको छ। चार वर्षे बि. एड. तहको पहिलो, दोस्रो र तेस्रो वर्ष क्रमशः २०७२, २०७३ र २०७४ को शैक्षिक सत्रदेखि सञ्चालनमा आइसकेका छन्। चौथो वर्ष चाहिँ २०७५ को शैक्षिक सत्रबाट सञ्चालनमा आएको हो। यस वर्षका लागि तयार पारिएका विभिन्न पाठ्यांशहरूमध्ये शिक्षण अभ्यास पाठ्यांश समयसापेक्ष तयार पारिएको व्यावहारिक र प्रयोगात्मक प्रकृतिको पाठ्यांश हो। विषयविज्ञ तथा सरोकारवालाहरूको विस्तृत छलफलपछि प्रस्तुत पाठ्यांश तयार पारी कार्यान्वयनमा ल्याइएको देखिन्छ। शिक्षण सिकाइ सम्बन्धी ज्ञान, सीपको विकास गराउने मूल ध्येय राखी प्रस्तुत पाठ्यांश तयार पारिएको देखिन्छ। अतः शैक्षिक वर्ष २०७५/०७६ देखि प्रथम पटक कार्यान्वयनमा आएको प्रस्तुत पाठ्यांश के कस्तो रहेको छ? यसमा समाविष्ट व्यवस्था, विद्यार्थीहरूले गर्नुपर्ने कार्यहरू, कार्य गर्दा भोगेका अनुभव, समस्या आदिप्रति सम्बन्धित विद्यार्थी/छात्रशिक्षकहरूको दृष्टिकोण के कस्तो रहेको छ भन्ने कुराको अध्ययन विश्लेषणमा प्रस्तुत लेख केन्द्रित रहेको छ।

## २. अध्ययनको उद्देश्य

यस अध्ययनमा स्नातक तहका शिक्षकहरूको शिक्षण अभ्यासको अवधारणालाई अध्ययन गर्ने उद्देश्य लिइएको छ।

## ३. पूर्वकार्यको अध्ययन

स्नातक तहको शिक्षण अभ्यास पाठ्यांश (४४०) प्रति सम्बन्धित छात्रशिक्षकहरूको दृष्टिकोणलाई प्रस्तुत अनुसन्धानात्मक लेखको अनुसन्धेय विषय बनाइएको छ। यसको गहन अध्ययन गरी निष्कर्षमा पुग्नका लागि पूर्वकार्यहरूको अध्ययन आवश्यक छ। तसर्थ, प्रस्तुत लेखमा निर्दिष्ट विषयसँग सम्बन्धित रहेर यस पूर्व गरिएका अध्ययनलाई सङ्क्षेपमा प्रस्तुत गरिएको छ :

ढकाल (२०६८) द्वारा *अभ्यास शिक्षण अवधारणा र अभ्यास* शीर्षकको पाठ्यपुस्तक तयार पारिएको छ। दश जोड २ देखि स्नातक तहसम्मका लागि सैद्धान्तिक एवम् व्यावहारिक पक्षलाई समेटी उक्त पुस्तक तयार पारिएको छ। अभ्यास शिक्षणको परिचय दिँदा शिक्षाशास्त्रका विषयहरू अध्ययन गर्ने विद्यार्थीहरूले पूर्वनिर्धारित पाठ्यक्रमको आवश्यकता पूर्तिका लागि तोकिएको समयमा सहयोगी विद्यालयमा गई गरिने प्रयोगात्मक अध्ययन कार्य हो भनी निष्कर्ष निकालिएको छ।

अधिकारी (२०६९) द्वारा *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा अध्यापन योजना शीर्षकअन्तर्गत अध्यापन योजना, कार्ययोजना, एकाइ योजना, पाठ योजना बारे चर्चा गरिएको छ। यसमा कार्ययोजना र पाठ योजना बारे नमुना उदाहरणसहित विस्तारमा चर्चा गरिएको छ। अभ्यास शिक्षणका प्रयोजनका सन्दर्भमा प्रस्तुत शीर्षकको पाठ उपयोगी देखिन्छ।

शिक्षाशास्त्र सङ्काय, डिनको कार्यालय, *त्रि. वि. कीर्तिपुरद्वारा शिक्षण अभ्यास निर्देशिका* (२०७५) तयार पारिएको छ। यसमा शिक्षण अभ्यास पाठ्यांशलाई प्रयोगात्मक पाठ्यांशका रूपमा चिनाइएको छ। शिक्षण अभ्यास पाठ्यांशको परिचय, पाठ्यांशको उद्देश्य, सूक्ष्म शिक्षण, सहपाठी शिक्षण, विद्यालय


शिक्षण, शैक्षणिक योजना निर्माण जस्ता आधारभूत कुराहरू बारे विस्तृत चर्चा गरिएको छ । शिक्षण अभ्यास सम्बन्धी मार्ग निर्देश गरिएको यो निर्देशिका सरोकारवालाहरू सबैका लागि उपयोगी देखिन्छ ।

घिमिरे (२०७६) द्वारा *सहयोगी शिक्षकको कक्षा अवलोकनबाट शिक्षणका सबल पक्षको पहिचान* शीर्षकमा शिक्षण अभ्यास विषयक सामग्री तयार पारिएको छ । यस सामग्रीमा शिक्षण अभ्यासको परिचय दिई सहपाठी कक्षा अवलोकन, सुपरिवेक्षकद्वारा गरिने विद्यार्थी शिक्षकको कक्षा अवलोकन, विद्यार्थी शिक्षकद्वारा सहयोगी क्याम्पस/विद्यालयका शिक्षकको कक्षा अवलोकन शीर्षकमा चर्चा गरिएको छ । यसमा शिक्षण अभ्यासलाई प्रभावकारी बनाउन कक्षा अवलोकनको महत्त्वपूर्ण भूमिका रहने कुरा निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।

यस विषयसँग सम्बन्धित रहेर गरिएका उल्लिखित कार्यहरू प्रस्तुत लेख तयारीका क्रममा सैद्धान्तिक स्वरूप निर्माणका साथै यसको व्याख्या विश्लेषण गरी निष्कर्षमा पुग्नका लागि सहयोगी देखिन्छन् ।

## ५. सैद्धान्तिक अवधारणा

प्रस्तुत आलेख अभ्यास शिक्षण पाठ्यांशप्रति सरोकारवाला विद्यार्थीका दृष्टिकोणसँग सम्बन्धित रहेको छ । यसका लागि निर्दिष्ट पाठ्यांश सम्बन्धी आठ ओटा संरचित र दुई ओटा असंरचित गरी जम्मा दश ओटा प्रश्नहरू सोधिएका छन् । निर्दिष्ट प्रश्नहरूको उत्तरपश्चात् प्राप्त सामग्रीलाई मिश्रित पद्धतिअनुसार विश्लेषण गरिएको छ । वस्तुतः प्रस्तुत आलेखको तयारीका क्रममा तपसिलको अवधारणात्मक खाका अनुप्रयोग गरिएको छ :



## ६. अध्ययन विधि

प्रस्तुत लेखमा परिमाणात्मक र गुणात्मक दुवै विधिसँग सम्बन्धित मिश्रित ढाँचा अवलम्बन गरिएको छ । लेख तयारीका क्रममा २०७५/०७६ को शैक्षिक सत्रमा चार वर्षे बि. एड. अन्तर्गत चौथो वर्षमा पहिलो समूह (फस्ट ब्याच) का रूपमा अध्ययनरत छात्रशिक्षकहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ । उक्त जनसङ्ख्यामध्ये सोद्देश्यमूलक नमुना छनोटका आधारमा उपत्यकाभित्रको एक (महेन्द्ररत्न क्याम्पस, काठमाडौं) र काठमाडौं उपत्यका बाहिरको एक (मध्यविन्दु बहुमुखी क्याम्पस, नवलपरासी) गरी जम्मा दुई ओटा क्याम्पसमा अध्ययनरत छात्रशिक्षकहरूमध्ये जम्मा ३० जना छात्रशिक्षकहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । लेख तयारीका क्रममा मूलतः सर्वेक्षणात्मक अध्ययन विधिको प्रयोग गरिएको छ । यसैगरी आवश्यकताअनुसार पुस्तकालयीय विधिलाई पनि उपयोगमा ल्याइएको छ । यस क्रममा प्राथमिक र द्वितीय गरी दुवै स्रोतबाट सामग्री सङ्कलन गरिएको छ जसमा सम्बन्धित छात्रशिक्षकका दृष्टिकोणलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ । त्यसैगरी शिक्षण अभ्यास पाठ्यांश र सम्बन्धित विषयका विज्ञहरूका सुझावहरूलाई पनि यसमा प्राथमिक स्रोतका रूपमा समेटिएको छ । साथै सम्बन्धित विषयमा प्रकाशित पुस्तकहरू, अनुसन्धान पत्रहरू, पत्रपत्रिकाहरू, जर्नल तथा शोधपत्रहरू तथा इन्टरनेटबाट प्राप्त सामग्रीलाई द्वितीय स्रोतका रूपमा उपयोग गरिएको छ । यसमा प्राप्त तथ्याङ्कहरूलाई प्रतिशतमा गणना गरी विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ ।

## ७. शिक्षण अभ्यासको परिचय

शिक्षण अभ्यास विद्यार्थीहरूले कक्षाकोठामा सैद्धान्तिक रूपमा हासिल गरेको ज्ञानलाई व्यावहारिक तथा प्रयोगात्मक रूपमा उतार्नका निमित्त गरिने शिक्षण सम्बन्धी अभ्यास वा तालिम हो । शिक्षाशास्त्रसँग सम्बन्धित विषयको अध्ययन अध्यापनका क्रममा वा शिक्षक प्रशिक्षणका क्रममा तह तथा सत्रको अन्त्यमा छात्रशिक्षकले अभ्यासका लागि गर्ने शिक्षण कार्य नै शिक्षण अभ्यास हो (घिमिरे, २०७६: ०१) । शिक्षण अभ्यास निश्चित समयावधिमा विद्यालय वा क्याम्पसहरूमा गरिने प्रयोगात्मक र अभ्यासात्मक शैक्षणिक क्रियाकलाप हो । शिक्षाशास्त्र सङ्कायमा विभिन्न तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि यो पाठ्यांश अनिवार्य रूपमा पूरा गर्नुपर्ने पाठ्यांश हो । शिक्षाशास्त्र सङ्कायअन्तर्गत विद्यालयदेखि विश्वविद्यालय तहसम्म अध्ययन गर्ने विद्यार्थीहरू तथा शिक्षक प्रशिक्षणमा संलग्न प्रशिक्षार्थीहरूलाई पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिम अनिवार्य रूपमा गराइने यो एउटा विशिष्ट प्रकृतिको पेसागत एवम् प्रयोगात्मक पाठ्यांश हो (घिमिरे, २०७६ : १) । त्यसमा पनि विशेष गरी तहको अन्तिम वर्षका कक्षामा यसको कार्यान्वयन गर्ने गराउने प्रावधान रही आएको देखिन्छ । यस सन्दर्भमा त्रिभुवन विश्वविद्यालयद्वारा चार वर्षे बि. एड. का लागि संरचित पाठ्यांशहरूमध्ये चौथो वर्षका लागि तयार पारिएको शिक्षण अभ्यास पाठ्यांश (४४०) व्यावहारिक र प्रयोगात्मक प्रकृतिको पाठ्यांश हो । विषयविज्ञ तथा सरोकारवालाहरूसँग गहनतम छलफल गरी शिक्षाशास्त्र सङ्काय डिन कार्यालयले निर्दिष्ट पाठ्यांश तयार पारेको हो । शिक्षाशास्त्र सङ्काय अन्तरगतका विषयहरूमध्ये यो पनि एक विषय हो ।

प्रस्तुत पाठ्यांश २०७५ को शैक्षिक सत्रदेखि कार्यान्वयनमा ल्याइएको हो । विशेषतः यसै तहका शिक्षाशास्त्र सङ्कायमा विभिन्न वर्षमा शिक्षणसँग सम्बन्धित रही सिकेका सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्न सकून्, भविष्यमा शिक्षणका निमित्त दक्ष शिक्षक बन्न सकून् भन्ने हेतुले प्रस्तुत पाठ्यांश तयार पारिएको देखिन्छ । यसै तहका विभिन्न विषयका पाठ्यांशहरू जस्तै निर्दिष्ट पाठ्यांशलाई पनि १५० पाठ्यभार कायम गरिएको छ। यसमा संलग्न विद्यार्थीहरूलाई छात्रशिक्षक नामकरण गरिएको छ। शिक्षण अभ्यासमा छात्रछात्राको संलग्नता हुन्छ। तसर्थ, यस विषयलाई छात्र शिक्षणरू (Student Teaching) पनि भन्ने गरिन्छ (ढकाल, २०६८ : १६) । विशेषतः शिक्षण अभ्यासमा संलग्न छात्रशिक्षकहरूले कक्षा शिक्षणका सन्दर्भमा विभिन्न खालका शैक्षणिक योजना (वार्षिक कार्यतालिका, वार्षिक पाठ योजना, एकाइ योजना, दैनिक पाठ योजना) निर्माण गरी कार्यान्वयन गर्न, उपयुक्त शैक्षिक सामग्री निर्माण र प्रयोग गर्न, उपयुक्त शिक्षण विधि तथा प्रविधिको छनोट गरी शिक्षण गर्न, शिक्षणीय उद्देश्य प्राप्तिका लागि प्रभावकारी ढङ्गले मूल्याङ्कन गर्न सक्षम होऊन् र सफल शिक्षक बनून् भन्ने मूल ध्येय राखी प्रस्तुत पाठ्यांश तयार पारिएको देखिन्छ । यसैगरी सूक्ष्म शिक्षण, सहपाठी शिक्षण, सहपाठी शिक्षणको मूल्याङ्कन, अतिरिक्त क्रियाकलाप सञ्चालन, नमुना प्रश्नपत्र निर्माण, परीक्षण र विश्लेषण, पाठ्यक्रम र पाठ्यपुस्तक विश्लेषण जस्ता विविध पक्षमा पनि छात्रशिक्षकको दक्षता अभिवृद्धि गर्ने उद्देश्य पनि यसमा राखिएका छन् ।

प्रभावकारी शिक्षणका लागि तालिम प्राप्त, दक्ष, कुशल र सक्षम शिक्षकको आवश्यकता पर्दछ। यही कुरालाई मनन गरी शिक्षाशास्त्र सङ्कायमा अध्ययनरत विद्यार्थीहरू स्नातक तह उत्तीर्ण हुँदा कुशल शिक्षण गर्नका लागि सक्षम बनून्, भन्ने उद्देश्य राखी प्रस्तुत पाठ्यांश तयार गरिएको देखिन्छ। छात्रशिक्षकहरूमा शिक्षण क्षमता अभिवृद्धि गराउनु यसको प्रमुख पक्ष हो। यो पाठ्यांश पूववर्ती पाठ्यांशको तुलनामा बढी व्यावहारिक र प्रायोगिक देखिन्छ। शिक्षण अभ्यासको परम्परागत प्रवृत्तिभन्दा यसलाई नवीनतम रूपमा उपयोगमा ल्याउन खोजिएको छ। अन्य विषयका लागि जस्तै निर्दिष्ट पाठ्यांशका लागि पनि १५० घण्टी र १०० पूर्णाङ्कको व्यवस्था गरिएको छ । पाठ्यांशलाई चार खण्डमा विभाजन गरी प्रत्येक खण्डका लागि समयावधि निर्दिष्ट गरिएको छ। यस क्रममा शिक्षण अभ्यासको अभिमुखीकरणका लागि दुई घण्टा, क्याम्पस शिक्षणका लागि ११० घण्टा (यसमा पनि ६ चरण रहेका जसमा वार्षिक कार्यपात्रो, वार्षिक कार्ययोजना र एकाइ योजना निर्माणका लागि १८ घण्टा, सूक्ष्म शिक्षणका लागि २४ घण्टा, सहपाठी शिक्षणका लागि ४० घण्टा, प्रश्न निर्माणका लागि १० घण्टा, पाठ्यक्रम र पाठ्यपुस्तक विश्लेषणका लागि १२ घण्टा र विद्यालय अभिलेख तयारी र विश्लेषणका लागि ६ घण्टाको समय छुट्याइएको विद्यालय शिक्षणका लागि २० घण्टा र समग्र प्रतिवेदन लेखनका लागि १८ घण्टाको समयावधि निर्धारण गरिएको छ। मूल्याङ्कनको आधार हेर्दा सूक्ष्म शिक्षणका लागि १५, सहपाठी शिक्षणका लागि २०, विद्यालय शिक्षणका लागि २० र सहयोगी विद्यालयका लागि ५ प्रतिशत गरी आन्तरिक मूल्याङ्कनका लागि ६० प्रतिशत र बाह्य मूल्याङ्कनका लागि ४० प्रतिशत अङ्क गरी जम्मा १०० पूर्णाङ्कको अङ्क छुट्याइएको छ । अन्य विषयको शिक्षण जस्तै शैक्षिक सत्रको आरम्भदेखि नै अध्ययन अध्यापन गराउनु पर्ने व्यवस्था कायम गरिएको छ । शिक्षणका क्रममा प्रत्येक छात्रशिक्षकले शैक्षणिक योजना, सहपाठी कक्षा अवलोकन, प्रश्न निर्माण र विश्लेषण, पाठ्यक्रम, पाठ्यपुस्तक विश्लेषण, विद्यालय प्रतिवेदन निर्माण, अतिरिक्त क्रियाकलाप सञ्चालन, दैनिक कार्य विवरण/अभिलेख तयारी, समग्र प्रतिवेदन निर्माण गर्नुपर्ने कुरा स्पष्टसँग निर्देश

गरिएको छ । बाल मामिला अध्ययन (Case Study) लाई भने प्रस्तुत पाठ्यांशमा समावेश गरिएको छैन । तथापि पूर्ववर्ती पाठ्यांशमा भन्दा केही थप कुरा समावेश गरिएको र पुरानै क्रियाकलापहरूलाई फरक शैलीमा प्रयोगमा ल्याउन खोजिएको छ। अतः प्रस्तुत पाठ्यांश पूर्ववर्ती पाठ्यांशका तुलनामा नवीन खालको बन्न पुगेको देखिन्छ ।

## ८. शिक्षण अभ्यासका बारेमा छात्रशिक्षकहरूको दृष्टिकोण

प्रस्तुत लेख शिक्षाशास्त्र सङ्काय, चार वर्षे बि. एड. तहका लागि निर्माण गरिएको शिक्षण अभ्यास पाठ्यांश (४४०) प्रति छात्रशिक्षकका दृष्टिकोणसँग सम्बन्धित रहेको छ । यसक्रममा शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातक तह चौथो वर्षमा छात्रशिक्षकका रूपमा सहभागी शिक्षकहरूबाट निर्दिष्ट पाठ्यांशप्रतिको दृष्टिकोण बुझ्ने उद्देश्य राखी उनीहरूलाई आठ ओटा बन्द प्रकृतिका (प्रत्येक प्रश्नमा तीन-तीन ओटा विकल्पसहित) र दुई ओटा खुला प्रकृतिका गरी जम्मा दश ओटा प्रश्नावली तयार पारी उक्त प्रश्नावली भर्न लगाइएको थियो । प्रश्नावली भर्न लगाउँदा जम्मा ३० जना छात्रशिक्षकलाई नमुनाका रूपमा छानिएको थियो । उक्त छात्रशिक्षकहरूद्वारा दश ओटै प्रश्नमा व्यक्त दृष्टिकोण/प्रतिक्रियाहरूलाई यहाँ सूक्ष्म रूपमा विश्लेषण गरिएको छ । यसक्रममा विवेच्य पाठ्यांश छात्रशिक्षकहरूको दृष्टिमा के-कस्तो रहेको छ भन्ने कुरा निष्कर्षमा प्रस्तुत गरिएको छ ।

पहिलो प्रश्न 'स्नातक तहको शिक्षण अभ्यास पाठ्यांश (४४०) समय सान्दर्भिक ठान्नु भएको छ ?' भनी सोधिएको थियो । यसमा सहभागीहरूमध्ये ८६.६७ प्रतिशत छात्रशिक्षकले सान्दर्भिक छ, १३.३३ प्रतिशतले ठीकै छ भन्ने प्रतिक्रिया जनाएका छन् । सान्दर्भिक छैन भन्ने विकल्पमा भने शून्य प्रतिशतले प्रतिक्रिया जनाएको देखिन्छ । यसरी पहिलो प्रश्नमा छात्रशिक्षकहरूले मिश्रित प्रतिक्रिया जनाएको देखिन्छ । वस्तुतः प्रस्तुत प्रश्नप्रतिको प्रतिक्रियालाई हेर्दा विवेच्य पाठ्यांशप्रति सम्बन्धित छात्रशिक्षकहरूको धारणा सकारात्मक पाइन्छ ।

प्रश्न दुईमा 'अन्य विषयहरूमा जस्तै यसमा पनि शैक्षिक सत्रको सुरुदेखि रुटिन राखेर अध्ययन अध्यापन गराउने व्यवस्था कायम गरिनु ठीक छ ?' भनी प्रश्न सोधिएकोमा यसमा पनि मिश्रित खालको प्रतिक्रिया भेटिन्छ जसमा ९० प्रतिशत छात्रशिक्षकले ठीक छ, १० प्रतिशतले आंशिक ठीक छ र ठीक छैन भन्ने विकल्पमा शून्य प्रतिशतले आफ्नो प्रतिक्रिया जनाएको पाइन्छ । यसलाई आधार मान्दा शैक्षिक सत्रको सुरुदेखि रुटिन राखेर अध्ययन अध्यापन गराउने व्यवस्था उचित देखिन्छ । अतः यस प्रश्नप्रति पनि छात्रशिक्षकहरूको सकारात्मक धारणा रहेको भेटिन्छ ।

'यस पाठ्यांशको उद्देश्य प्राप्तिका लागि गर्नुपर्ने कार्यहरू व्यावहारिक छन् ?' भनी प्रश्न नं. तीनमा सोधिएको थियो । यस प्रश्नमा ८६.६७ प्रतिशत छात्रशिक्षकले अत्यन्त व्यावहारिक छन्, १३.३३ ले आंशिक व्यावहारिक छन् र शून्य प्रतिशतले व्यावहारिक छैनन् भनी प्रतिक्रिया जनाएको पाइन्छ । समग्रमा निर्दिष्ट प्रश्नप्रति सबै छात्रशिक्षकहरूको धारणा सकारात्मक देखिन्छ ।

यसैगरी प्रश्न चारमा 'सूक्ष्म शिक्षण, विद्यालय शिक्षण र सहपाठी शिक्षणका निमित्त छुट्याइएको समय पर्याप्त छ ?' भनी प्रत्येकका लागि तीन-तीन विकल्प दिइएको थियो । यस प्रश्नअन्तर्गतका पनि पहिलो

सूक्ष्म शिक्षणका लागि निर्धारण गरिएको समय व्यवस्थाप्रतिको धारणालाई हेर्दा २० प्रतिशत छात्रशिक्षकले धेरै छ । ७३.३३ प्रतिशतले ठिक्क छ र ६.६७ प्रतिशतले थोरै छ भन्ने मत प्रकट गरेको पाइन्छ । यसैगरी सहपाठी शिक्षणका सन्दर्भमा पहिलोमा जस्तै क्रमशः २०, ७३.३३ र ६.६७ प्रतिशतले धेरै छ , ठिक्क छ र थोरै छ तथा विद्यालय शिक्षणका लागि निर्धारित समय व्यवस्थाप्रतिको मत हेर्दा ६.६७ प्रतिशतले धेरै छ , ८३.३३ ले ठिक्क छ र १० प्रतिशतले थारै छ भनी मत प्रकट गरेका छन् । यसरी सूक्ष्म शिक्षण, सहपाठी शिक्षण र विद्यालय शिक्षणको समय व्यवस्थाप्रतिको दृष्टिकोणलाई विश्लेषण गर्दा मिश्रित खालको प्रतिक्रिया दिएका छन् । समग्रमा उनीहरूले यस व्यवस्थाप्रतिको दृष्टिकोण पनि सकारात्मक पाइन्छ ।

प्रश्न नं. पाँचमा 'पुरानो पाठ्यांशअनुसार ४५ दिन विद्यालय गएर शिक्षण गर्नुपर्ने व्यवस्था परिवर्तन गरी वर्तमान पाठ्यांशमा जम्मा २० दिन शिक्षण गर्नुपर्ने व्यवस्था गरिएकोमा यी दुई व्यवस्थामध्ये कुन चाहिँ उपयुक्त छ ?' भनी सोधिएको थियो जसमा १०० प्रतिशत छात्रशिक्षकले अहिलेको व्यवस्था उयपुक्त रहेको भनी प्रतिक्रिया जनाएको पाइन्छ भने पुरानो व्यवस्था उपयुक्त छ र दुवै व्यवस्था ठीक छ भन्ने विकल्पमा कुनै प्रतिक्रिया प्राप्त भएनन् । यस तथ्याङ्कलाई आधार मान्दा सम्पूर्ण छात्रशिक्षकहरू पुरानोभन्दा अहिलेको पाठ्यांशमा निर्दिष्ट व्यवस्थाप्रति सन्तुष्ट रहेको देखिन्छ ।

'प्रस्तुत पाठ्यांशमा बाल मामिला अध्ययन (Case study) समावेश नगर्नु उपयुक्त छ ?' भनी प्रश्न नं. ६ मा सोधिएकोमा सहभागी छात्रशिक्षकहरूमध्ये क्रमशः १० प्रतिशतले उपयुक्त छ, २६.६७ ले उपयुक्त छैन र ६३.३३ प्रतिशतले भए राम्रो हुने धारणा व्यक्त गरेका छन् । यस प्रश्नप्रतिको उनीहरूको धारणालाई दृष्टिगत गर्दा धेरैले (६३.३३ प्रतिशतले) भए राम्रो हुने धारणा व्यक्त गर्नुले यस व्यवस्थामा सुधारको अपेक्षा गरेको पाइन्छ । तसर्थ यसमा सरोकारवालाको ध्यान पुग्नु आवश्यक छ ।

'पाठ योजना बनाउने सन्दर्भमा हरेक पाठ्यवस्तुको प्रकृतिअनुसार नयाँ-नयाँ/फरक-फरक सामग्रीहरू निर्माण गर्नु आवश्यक छ ?' भनी सोधिएको सातौँ प्रश्नमा छात्रशिक्षकहरूमध्ये ७३.३३ प्रतिशतले आवश्यक छ भनेका छन् । यसै गरी शून्य प्रतिशतले आवश्यक छैन र २६.६७ प्रतिशतले सम्भव भए बनाउँदा राम्रोमा आफ्नो धारणा जनाएको पाइन्छ । वस्तुतः प्रभावकारी र उपलब्धिमूलक शिक्षणका लागि हरेक पाठ्यवस्तुका लागि सोहीअनुरूपका फरक-फरक सामग्री बनाउन आवश्यक रहन्छ । छात्रशिक्षकहरूको प्रतिक्रियाबाट यो कुरा स्पष्ट हुन आउँछ ।

'शैक्षणिक योजना, प्रश्नपत्र निर्माण परीक्षण र विश्लेषण, पाठ्यांश र पाठ्यपुस्तक विश्लेषण, दैनिक कार्य विवरण, विद्यालय अभिलेख अध्ययन, अतिरिक्त क्रियाकलाप आदि तयार पारिसकेपछि पुनः समग्र अभ्यास शिक्षण प्रतिवेदन बनाउन आवश्यक छ ?' भनी आठौँ प्रश्नका रूपमा सोधिएकोमा सातौँ प्रश्नमा जस्तै ७३.३३ प्रतिशत छात्रशिक्षकहरूले बनाउन आवश्यक छ, शून्य प्रतिशतले आवश्यक छैन र २६.६७ प्रतिशत छात्रशिक्षकले बनाउँदा राम्रो हुने धारणा व्यक्त गरेको देखिन्छ । समग्रतः यस प्रश्नको प्रतिक्रिया मिश्रित खालको पाइए पनि त्यसमा अधिकतम् (७३.३३ प्रतिशत) ले बनाउन आवश्यक रहेको धारणा प्रस्तुत गर्नुले हेर्दा समग्र प्रतिवेदन बनाउनु आवश्यक देखिन्छ । त्यसो त उनीहरूद्वारा गरिएका हरेक कार्यलाई व्यवस्थित गर्न, उनीहरूले गरेका हरेक कार्यहरू बारे सहज रूपमा जानकारी प्राप्त गर्न पनि समग्र प्रतिवेदन बनाउनु आवश्यक देखिन्छ ।

प्रश्न नं. नौमा 'विद्यालय गएर शिक्षण गर्ने सन्दर्भमा कुनै समस्या देखा परे वा परेनन् ? समस्या देखा परेका भए उल्लेख गर्नुहोस्' भनी खुला प्रकृतिको प्रश्न सोधिएको थियो । यस प्रश्नमा ३० प्रतिशत छात्रशिक्षकहरूले कुनै समस्या देखा नपरेको धारणा व्यक्त गरेका छन् भने ७० प्रतिशतले चाहिँ समस्याहरू उल्लेख गरेका छन् जसमा विद्यालय पाउन सहज नभएको, नियमित रूपमा कक्षा शिक्षण गर्न नपाएको, विद्यार्थीहरूले गर्ने व्यवहारमा केही फरक रहेको, प्रश्नपत्र निर्माण गरी परीक्षण गर्न समस्या देखिएको, समय अभाव रहेको जस्ता समस्याहरू व्यक्त गरेका छन् । यसको समाधानका लागि सरोकारवालाहरूले समयमै ध्यान दिनु पर्ने धारणा पनि उनीहरूले राखेका छन् ।

प्रश्न नं. दशमा 'समग्रमा प्रस्तुत पाठ्यांश तपाईंलाई कस्तो लाग्यो ? यस पाठ्यांशप्रति सुझाव दिन चाहनुहुन्छ ?' भन्ने प्रश्न सोधिएकोमा सबै छात्रशिक्षक अर्थात् शत प्रतिशतले प्रस्तुत पाठ्यांश अत्यन्त राम्रो बनेको तथा समय सापेक्ष भएको, समयको मागलाई ख्याल गरी निर्माण गरिएको भन्दै उस्तै खालका धारणा व्यक्त गरेका छन् । सुझावका सन्दर्भमा पनि केही उस्तै र केही फरक खालका सुझाव दिएका छन् । यसक्रममा उनीहरूबाट प्राप्त सुझावहरूमध्ये केही महत्त्वपूर्ण सुझावहरूमा बाल मामिला अध्ययनलाई समावेश गर्दा राम्रो हुने, पाठ्यांशले निर्देश गरेका कुराहरू पूर्णरूपमा लागु भए नभएको बारे समय समयमा निरीक्षण हुनुपर्ने, विद्यालय शिक्षण र समग्र प्रतिवेदन तयारीका लागि छुट्याइएको समयबीच तालमेल मिलाउनु पर्ने, वर्षभरि समय तालिका बनाई पठनपाठन गर्ने व्यवस्थामा देखा पर्न सक्ने व्यावहारिक कठिनाइ सम्बन्धमा स्पष्ट निर्देशनको आवश्यकता रहने, पाठ्यांश कार्यान्वयनमा एकरूपताका लागि आवश्यकताअनुसारका कार्यक्रम सञ्चालन नभएको भए त्यसमा सुधार गर्नुपर्ने सुझाव अध्ययनमा प्राप्त भएका छन् । क्याम्पसहरूले विद्यालय शिक्षणका लागि सहयोगी भूमिका निर्वाह गर्नुपर्ने, शिक्षणका लागि आवश्यक साधन स्रोत निर्माण गर्न सहयोग पुऱ्याउनु पर्ने सुझाव पनि दिएका छन् ।

छात्रशिक्षकहरूद्वारा व्यक्त प्रतिक्रियालाई दृष्टिगत गर्दा जम्मा दश ओटा फरक-फरक प्रश्न तयार पारी परीक्षण गरिएकामा प्रश्न नं. पाँचमा बाहेक अन्य प्रश्नमा मिश्रित अवधारणा व्यक्त गरिएको देखिन्छ । यसक्रममा प्रतिशतलाई आधार मान्दा कुनै प्रश्नहरूको विकल्पमा बराबर खालको प्रतिक्रिया तथा कतिपय विकल्पमा भने फरक-फरक खालको प्रतिक्रिया जनाइएको पाइन्छ । यस्तै कतिपयमा त छात्रशिक्षकहरूले कुनै प्रतिक्रिया नजनाएको अर्थात् शून्य प्रतिक्रिया जनाएको देखिन्छ । समग्रमा प्रत्येक प्रश्नमा प्रतिशतका दृष्टिकोणलाई आधार मान्दा स्नातक तहको शिक्षण अभ्यास पाठ्यांश (४४०) समय सान्दर्भिक छ भन्नेमा ८६.६७ प्रतिशतले, अन्य विषयहरूमा जस्तै यसमा पनि शैक्षिक सत्रको सुरुदेखि रुटिन राखेर अध्ययन अध्यापन गराउने व्यवस्था कायम गरिनु ठीक छ भन्नेमा ९० प्रतिशतले प्रतिक्रिया जनाएको देखिन्छ । यसैगरी यस पाठ्यांशको उद्देश्य प्राप्तिका लागि गर्नुपर्ने कार्यहरू अत्यन्त व्यावहारिक छन् भन्नेमा ८६.६७ प्रतिशतले, सूक्ष्म शिक्षण, विद्यालय शिक्षण र सहपाठी शिक्षणका निमित्त छुट्याइएको समयमध्ये सूक्ष्म शिक्षणका लागि निर्धारण गरिएको समय ७३.३३ प्रतिशतले ठिक्क छ, सहपाठी शिक्षणको समय ७३.३३ ले ठिक्क छ र विद्यालय शिक्षणको समय ८३.३३ प्रतिशतले ठिक्क छ भनी प्रतिक्रिया जनाएको भेटिन्छ । पुरानो पाठ्यांशअनुसारको ४५ दिन विद्यालय गएर शिक्षण गर्नुपर्ने व्यवस्था र वर्तमान पाठ्यांशमा जम्मा २० दिन शिक्षण गर्नुपर्ने व्यवस्थामध्ये शत प्रतिशतले नै अहिलेको व्यवस्था उपयुक्त रहेको भनी प्रतिक्रिया जनाएका, ६३.३३ प्रतिशतले प्रस्तुत पाठ्यांशमा बाल मामिला अध्ययन (Case study) समावेश गर्दा

राम्रो हुने धारणा व्यक्त गरेका, शैक्षणिक योजना, प्रश्नपत्र निर्माण परीक्षण र विश्लेषण, पाठ्यांश र पाठ्यपुस्तक विश्लेषण, दैनिक कार्य विवरण, विद्यालय अभिलेख अध्ययन, अतिरिक्त क्रियाकलाप आदिका लागि समग्र अभ्यास शिक्षण प्रतिवेदन आवश्यक छ भनी ७३.३३ प्रतिशत छात्रशिक्षकहरूले प्रतिक्रिया जनाएका, पाठ योजना बनाउने सन्दर्भमा हरेक पाठ्यवस्तुको प्रकृतिअनुसार नयाँ नयाँ सामग्रीहरू निर्माण गर्नु आवश्यक छ भन्ने कुरामा ७३.३३ प्रतिशतले प्रतिक्रिया जनाएका छन् । यस तथ्याङ्कलाई आधार मान्दा विवेच्य पाठ्यांशप्रति सबै छात्रशिक्षक सकारात्मक रहेको देखिन्छ । यसैगरी विद्यालय शिक्षणका सन्दर्भमा ७० प्रतिशत छात्रशिक्षकले विभिन्न समस्या देखापरेका प्रतिक्रिया जनाएका छन् भने समग्र पाठ्यांशप्रतिको सुझावमा सबैले महत्त्वपूर्ण सुझावहरू दिएका छन् ।

उक्त सुझावहरूलाई हेर्दा विश्व परिवेश तथा समयको मागलाई विशेष ध्यान दिई यसलाई तयार पारिएको, प्रयोगात्मक एवम् व्यावहारिक प्रकृतिको पाठ्यांश बनेको कुरा स्पष्ट हुन आउँछ । यस्तै स्नातक तहको मूलभूत उद्देश्य पूरा गर्न परिपूरक भूमिका खेलेको देखिन्छ । पाठ्यांशको उद्देश्य प्राप्तिका लागि गर्नुपर्ने कार्यहरू अत्यन्त व्यावहारिक देखिन्छन् । सूक्ष्म शिक्षण, सहपाठी शिक्षण र विद्यालय शिक्षणका लागि निर्धारित समय व्यवस्था उपयुक्त नै देखिन्छ । त्यसमा पनि ४५ दिनसम्मको लामो समयसम्म विद्यालय गई शिक्षण गर्दा विद्यालयले कक्षा उपलब्ध गराउन गाह्रो मान्ने तथा छात्रशिक्षक स्वयम् पनि निरन्तर विद्यालय जान अनकनाउने प्रवृत्तिलाई यसले हटाउन खोजेको छ । यसका साथै विद्यालय शिक्षणको समय घटाएर क्याम्पसमै शिक्षण अभ्यास गर्ने समय बढाउनु सान्दर्भिक देखिन्छ । बाल मामिला अध्ययनलाई समावेश नगरिएकामा यस व्यवस्थामा भने सुधारको अपेक्षा गरेको पाइन्छ । छात्रशिक्षकहरूले भने जस्तै पाठ योजना बनाउने सन्दर्भमा हरेक पाठ्यवस्तुको प्रकृतिअनुसार नयाँ-नयाँ सामग्रीहरू निर्माण गरी प्रयोग गर्न आवश्यक छ । विद्यार्थीहरूमा लेखन क्षमताको विकासका लागि, मौलिकताका लागि, भाषिक सङ्गठन सीप विकासका लागि समग्र प्रतिवेदन आवश्यक छ । विद्यालय गएर शिक्षण गर्ने सन्दर्भमा देखिएका समस्याहरू समाधानका लागि आवश्यक कार्य गर्नुपर्ने देखिन्छ । समग्रतः सबै छात्रशिक्षकहरूको धारणा हेर्दा प्रस्तुत पाठ्यांश अत्यन्त राम्रो बनेको, समय सापेक्ष भएको र समयको मागलाई ख्याल गरी निर्माण गरिएको छ भन्न सकिन्छ ।

## ९. निष्कर्ष

शिक्षण अभ्यास पाठ्यांश (४४०) त्रिभुवन विश्वविद्यालयअन्तर्गत चार वर्षे बि.एड. तह चौथो वर्षमा अध्ययनरत विद्यार्थीहरूका लागि तयार पारिएको पाठ्यांश हो । शिक्षाशास्त्र सङ्कायका लागि अनिवार्य मानिएको प्रस्तुत पाठ्यांश परिवर्तित पाठ्यांश हो । यो व्यावहारिक एवम् प्रयोगात्मक प्रकृतिको पाठ्यांश हो । २०७५/०७६ को शैक्षिक सत्रदेखि यसलाई कार्यान्वयनमा ल्याइएको हो । यसले शिक्षा शास्त्र सङ्कायअन्तर्गत स्नातक तहको मूलभूत उद्देश्य पूरा गर्न महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । यस सन्दर्भमा प्रस्तुत पाठ्यांशप्रति छात्रशिक्षकका दृष्टिकोण के कस्तो रहेको छ भनी अध्ययन विश्लेषण गरिएको छ । अध्ययनका क्रममा फरक खालका जम्मा दश प्रश्नमा पाठ्यांशप्रतिको दृष्टिकोण व्यक्त गर्न लगाइएको छ । प्राप्त तथ्याङ्क विश्लेषण गरिएकामा सबै प्रश्नमा फरक फरक खालका प्रतिक्रिया वा दृष्टिकोण प्राप्त भएको छ जसमा प्रस्तुत पाठ्यांश समय सान्दर्भिक तयार पारिएको, प्रायोगिक र

व्यावहारिक प्रकृतिको रहेको, शैक्षिक सत्रको सुरुवातदेखि नै शिक्षण गराउनुपर्ने व्यवस्था अत्यन्त ठीक रहेको, पाठ्यांशका परिधिमा रहेर गर्नुपर्ने कार्यहरू व्यावहारिक रहेको धारणा व्यक्त गरेका छन् ।

सूक्ष्म शिक्षण, सहपाठी शिक्षण र विद्यालय शिक्षणका लागि छुट्याइएको समय उचित रहेको धारणा प्राप्त भएको छ । पुरानो विद्यालयीय शिक्षण व्यवस्थाका तुलनामा वर्तमान विद्यालयीय शिक्षण व्यवस्था ठीक रहेको प्रतिक्रिया पनि जनाइएको छ । यसैगरी बाल मामिला अध्ययन समावेश नगर्नु त्यति उपयुक्त नभएको भन्दै यसलाई समावेश गर्दा पाठ्यांश उपयुक्त र प्रभावकारी हुने प्रतिक्रिया अध्ययनमा पाइएको छ । यसैगरी शिक्षण अभ्यासका सन्दर्भमा समग्र प्रतिवेदनको आवश्यकता रहे पनि त्यसको तयारी बारे स्पष्ट निर्देशनको आवश्यकता रहेको, पाठ्यांशले निर्देश गरेका कुराहरू पूर्ण रूपमा लागु भए नभएको बारे समय समयमा निरीक्षण हुनुपर्ने, विद्यालय शिक्षण र समग्र प्रतिवेदन तयारीका लागि छुट्याइएको समयबीच तालमेल मिलाउनु पर्ने, वर्षभरि समय तालिका बनाई पठनपाठन गर्ने व्यवस्थामा देखा पर्ने व्यावहारिक कठिनाइ सम्बन्धमा स्पष्ट निर्देशन दिइनु पर्ने, पाठ्यांश कार्यान्वयनमा एकरूपताका लागि आवश्यकताअनुसारका कार्यक्रम सञ्चालन गर्नुपर्ने, विद्यालय शिक्षणका सन्दर्भमा देखा परेका समस्याको समाधानका लागि सरोकारवालाहरूले ध्यान दिनुपर्ने जस्ता धारणा पनि प्रस्तुत गरिएका छन् । समग्रमा छात्रशिक्षकहरूले जुन-जुन प्रश्नका विकल्पमा ठीकै छ/आंशिक ठीक छ, भए राम्रो हुने तथा थोरै छ, उपयुक्त छैन जस्ता प्रतिक्रिया जनाएका छन् । ती पक्षहरूमा अझ सुधार गर्दा प्रस्तुत पाठ्यांश सर्वगुण सम्पन्न हुने देखिन्छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६९), *नेपाली भाषा शिक्षण*, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

घिमिरे, दिनेश (२०७५), *नेपाली भाषा शिक्षकहरूको अनुभवमा परीक्षण अङ्कन सम्बन्धी दृष्टिकोण*, शिक्षाशास्त्र सौरभ, (भोलुम-२१), पृ. १०५-११० ।

घिमिरे, मुरलीधर (२०७६), *सहयोगी शिक्षकको कक्षा अवलोकनबाट शिक्षणका सबल पक्षको पहिचान*, काठमाडौँ शिक्षा क्याम्पसद्वारा आयोजित शिक्षण अभ्यास विषयक तालिममा प्रस्तुत सहयोगी सामग्री ।

ढकाल, माधवप्रसाद (२०६८), *अभ्यास शिक्षण : अवधारणा र अभ्यास*, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

पौडेल, चूडामणि र पोखरेल, कृष्णप्रसाद (२०७५), *चार वर्षे बि.एड. तहको नेपाली पाठ्यांशप्रति विषय शिक्षकका प्रतिक्रिया,* थर्ड आइ जर्नल अफ एजुकेसन (वर्ष-३, अङ्क-१), पृ.१५८-१६८ ।

भण्डारी, पारसमणि ( २०५३), *अध्यापन अभ्यास परिचय,* काठमाडौँ : एकता बुक्स ।

शाक्य, आनन्दमान सिंह (२०५५), *अध्यापन अभ्यास सहयोगी पुस्तिका*, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

शिक्षण अभ्यास पाठ्यक्रम (२०७५), *शिक्षाशास्त्र सङ्काय, डिनको कार्यालय,* त्रि. वि. : कीर्तिपुर ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, बलराम र लालप्रसाद शर्मा (सन् २०१८), *शिक्षण अभ्यास पुस्तिका*, काठमाडौँ : जुपिटर प्रिन्टिङ एण्ड पब्लिसिङ हाउस प्रा. लि. ।